सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान

# फैसला

## ०७५-CI-०५८२

मुद्दाः- दुषित हालैको बकसपत्र लिखत वदर।

| | |
|---|---|
| कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ८ हाल परिवर्तित पोखरा लेखनाथ महानगरपालिका वडा नं. ८ बस्ने उमापति नेपालीको बुहारी मुक्ति बहादुर नेपालीको श्रीमती माया नेपाली..........................................................१ | पुनरावेदक वादी |

विरूद्ध

| | |
|---|---|
| कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ८ हाल परिवर्तित पोखरा लेखनाथ महानगरपालिका वडा नं. ८ बस्ने उमापति नेपालीको छोरी उमाकुमारी नेपाली.......................................................................................१ | प्रत्यर्थी प्रतिवादी |

शुरू तहमा फैसला गर्ने अदालतको विवरण

शुरू तहमा फैसला गर्ने :- मा. जि. न्या. श्री रमानाथ पौड्याल
कास्की जिल्ला अदालत
मुद्दा नं.:- ०७१-CP-०४९२
फैसला मिति :- २०७४।३।२३

पुनरावेदन तहमा फैसला गर्ने अदालतको विवरण

पुनरावेदन तहमा फैसला गर्नेः- माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा
माननीय न्यायाधीश श्री नर बहादुर शाही
उच्च अदालत, पोखरा पोखरा
मुद्दा नं.:- ०७४-DP-०१५६
फैसला मिति :- २०७५।०३।१२
यस अदालतमा पुनरावेदन दर्ता भएको मितिः- २०७५।०४।३१

उच्च अदालत, पोखराको फैसलाउपर न्याय प्रशासन ऐन २०७३ को दफा १२ (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाऊँ भनी वादीको तर्फबाट परेको

निवेदनमा यस अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः

## तथ्य खण्ड

१. **फिराद दावी**

विपक्षी उमाकुमारी नेपाली नन्द नाताको हुनुहुन्छ। स्वर्गीय ससुरा उमापति र सासु सुकमाया नेपालीको कोखबाट जन्मेका ३ छोराहरुमा जेठा स्वर्गीय पति मुक्तिबहादुर नेपाली, माइलो देवर प्रताप नेपाली र कान्छो देवर विरबहादुर तथा ४ छोरीहरुमा मिठु, मिना, उमा र सिता भएकोमा मिठुको विवाह हुन बाँकी छ भने अरु सबैको विवाह भैसकेको छ। ससुरा बुवाको मृत्यु भैसकेकोले मूल ५ अंशियारामा सुकमाया नेपाली-१, प्रताप नेपाली-१, विरबहादुर नेपाली-१, उमाकुमारी नेपाली-१, पति मुक्तिबहादुर नेपाली-१ समेत भएकोमा पति मुक्तिबहादुर नेपालीको मृत्यु भइसकेको पतिको हकको अंशबाट अंश पाउने हामी ४ अंशियारा छौं भने सबै एकासगोलमा बसी आएका छौं। पति मुक्तिबहादुर नेपालीसँग म फिरादी माया नेपालीको मिति २०४६ सालमा सामाजिक परम्पराअनुसार विवाह भै हामीबाट २०५० सालका छोरी सुस्मिता नेपालीको जन्म भएको हो। श्रीमान् मुक्तिबहादुर नेपाली विवाह अघिदेखि नै एयरपोर्टमा फायर अफिसमा कार्यरत रही त्यही जागिर गर्दै आइरहेको अवस्थामा लिवर सिरोसिस भएर मिति २०७१।०९।०६ मा मृत्यु भएपछि किरिया बस्ने बेला विपक्षी सासु समेतले प्रतिवादी मध्येकी यदुमाया नेपालीलाइ पति मुक्तिबहादुरको कान्छी श्रीमती भनी किरीया बस्नको लागि लिएर आए पनि मैले सही बसेकी थिए। पतिको विवाह अगाडी हेलाहोचो सहँदै आएकी म फिरादीले पतिको मृत्युपश्चात पनि विपक्षीहरुले हेलाहोचो गर्ने गालिगलौज समेत गरी खान नदिने घरमा पनि पस्न नदिने गरेकाले विपक्षीहरुसँग हामी आमाछोरीको खानलाउन र वासको लागि श्रीमानको पेन्सन मिलाउनुपऱ्यो भन्दा उल्टै तिमीहरुका आमाछोरीले केही पाउँदैनौ जे गर्ने हो गर भनी जवाफ दिने गरेकोले मिति २०७१।१२।०४ मा अंश मुद्दा दायर गरी उक्त मुद्दाबाट विपक्षीको जग्गा रोक्का राख्ने प्रयोजनार्थ मिति २०७१।१२।०५ मा मालपोत कार्यालय, कास्कीमा गई लिखतको नक्कल सारी हेर्दा थाहा भएअनुसार म फिरादीलाइ अंशमा मार्ने र अंश नै समाप्त पार्ने नियतले मेरो समेत हक लाग्ने संगोलको कास्की जिल्ला छिनेडाँडा गा.वि.स. वडा नं. ६ को कि.नं. १६४२४

क्षे.फ. ५-४-३-१ बाट कित्ताफोड गरी कायम कि.नं. २५४६४ क्षे.फ. ०-६-१-० दक्षिण पूर्वतर्फको जग्गा मिति २०६८।०५।१८ मा र.नं. ४३२(घ)बाट दिने स्वर्गीय मुक्तिबहादुर नेपाली लिने विपक्षी उमाकुमारी गरी लेखक तथा साक्षीलाइ झुक्यानमा पारी विपक्षी समेत मिलि हालैको बकसपत्र पास गरी लिनुदिनु गर्ने गरेको उक्त दुषित हालैको बकसपत्र बदर गरिपाऊँ भन्ने समेत बेहोराको वादी माया नेपालीको मिति २०७२।०१।१० को फिरादपत्र।

२. <u>प्रतिउत्तरपत्र</u>

म उमा नेपालीले दाजु मुक्तिबहादुर नेपालीलाइ घर व्यवहार चलाउन लगायत अन्य आइपर्ने काम काज तथा परि आउने समस्याका विषयमा पटक पटक सहयोग गरी स्वा टहल पुऱ्याएकी थिएँ। म तथा मेरो परिवारले लामो समयसम्म विदेशमा बसी आर्जित गरेको रकम यी वादीका पतिलाइ घर व्यवहार चलाउन, परिवारको लालनपालन गर्न, औषधी उपचार गर्नको लागि समेत भनी पटक पटक दिएको ऋण तिर्न जग्गा विक्री गर्नुको विकल्प नरहेकोले यी वादीको समेत सहमती लिनुपर्ने बाध्यता नभए पनि वादीको सल्लाह सहमतिबाट कास्की जिल्ला छिनेडाँडा गा.वि.स. वडा नं. ६ को कि.नं. १६४२४ क्षे.फ. ५-४-३-१ बाट कित्ताफोड गरी कायम भएको मुक्तिबहादुर नेपालीको नाउँको कि.नं. २५४६४ को क्षे.फ. ०-६-१-० जग्गा मिति २०६८।०५।१८ मा र.नं. ४३२ (घ) बाट हालैको बकसपत्र लिखतको माध्यमबाट प्राप्त भएकोले उक्त लिखत सदर कायम राखी पाऊँ भन्ने समेत बेहोराको प्रतिवादी उमाकुमारी नेपालीको अधिकृत वारेस मिनाकुमारी शाहीको मिति २०७२।०६।०७ को प्रतिउत्तरपत्र।

३. <u>शुरू कास्की जिल्ला अदालतको फैसला</u>

मिसिल संलग्न मिति २०५३।०९।१९ को बण्डापत्र विधिपूर्वक नैं पास भएको र सम्पत्तिमा पनि खास घटीबढी भएको देखिएन, घटीबढी भएको भए कानूनले निर्दिष्ट गरेको हदम्याद भित्र स्वर्गीय मुक्तिबहादुरको उजूर गर्नु पर्नेमा सो भएको देखिएन र लामो समयपछि म्याद नाघी यो फिराद परेको देखियो। यसै लगाउको अंश मुद्दामा यी वादीले यी प्रतिवादीहरुबाट अंश नपाउने भै उक्त मिति २०५३।०९।१९ को बण्डा भरपाई सद्दे ठहरी आजै फैसला भएकाले यसमा वादीले बदर गरी पाउँ भनी दावी गरेको उक्त मिति २०५३।०९।१९ को अंश भरपाई रितपूर्वकको देखिँदा

वादी दावी नपुग्ने ठहर्छ भन्नेसमेत बेहोराको शुरू कास्की जिल्ला अदालतबाट मिति २०७४।०३।२३ मा भएको फैसला।

४. <u>प्रतिवादी उमाकुमारी नेपालीको तर्फबाट उच्च अदालत, पोखरामा दायर भएको पुनरावेदनपत्र</u>

प्रस्तुत मुद्दा मुलुकी ऐन, दान बकसको महलको १ नं. उल्लेख भएको, दान बकसपत्रको ५ नं. को हदम्याद भित्र दायर नभएको हुँदा खारेज हुनुपर्छ। मुक्तिबहादुर नेपालीले उक्त जग्गा आफूखुश गर्न पाउने भित्रको जग्गा रहेको र मैले मुक्ति बहादुरलाई बेला बखतमा पैसा दिएर गुन लगाएको हुँदा निज मुक्ति बहादुरले उक्त विवादित जग्गा मलाई बकसपत्र गरीदिएको हुँदा दान बकसको १ नं. को प्रतिकूल भन्न मिल्दैन। शुरू फैसला कानूनी त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी पुनरावेदन जिकिर बमोजिम गरिपाऊँ भन्ने समेत बेहोराको पुनरावेदनपत्र।

५. <u>उच्च अदालत, पोखराबाट भएको आदेश</u>

वादी दावी बमोजिमको बकसपत्र लिखत बदर हुने ठहऱ्याई भएको कास्की जिल्ला अदालतको मिति २०७४।३।२३ को फैसला दान बकसको महलको ५ नं. को हदम्यादको सन्दर्भमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ११२ र ६४ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको उच्च अदालत, पोखराबाट भएको मिति २०७५।१।२३ को आदेश।

६. <u>उच्च अदालत, पोखराबाट भएको फैसला</u>

प्रस्तुत मुद्दामा वादीका पति स्वर्गीय मुक्ति बहादुर नेपालीको नाउँमा आधा भन्दा बढी सम्पत्ति रहे भएको भन्ने प्रमाणको रुपमा रहेको दे.नं ८८१।२६ को अंश मुद्दाबाट देखिँदा उक्त लिखतमा निज वादीको मञ्जूरी लिनु पर्ने स्थिति पनि देखिंदैन। यसरी हेर्दा मुलुकी ऐन, अंश बण्डाको १९(१) नं. ले दिन मिल्ने भन्दा बढी सम्पत्ति दिएको भन्ने पनि नदेखिएको र अंशबण्डाको १९(१) नं. बमोजिम आफ्नो हक पुग्ने जति सम्पत्ति उमा कुमारी नेपालीलाई हालैको बकसपत्र गरिदिएको देखिँदा त्यस्तो मिति २०६८।०५।१८ को र.नं. ४३२(घ) को हालैको बकसपत्र लिखतलाई कानून विपरित भन्ने नदेखिँदा उक्त लिखत बदर गर्ने ठहऱ्याई गरेको शुरू कास्की जिल्ला

अदालतको मिति २०७४।३।२३ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ भन्ने समेत बेहोराको उच्च अदालत, पोखराबाट मिति २०७५।०३।१२ मा भएको फैसला। (५)

७. <u>वादी माया नेपालीको तर्फबाट यस अदालतमा दायर भएको निवेदनपत्र</u>

मेरो समेत अंश हक रहे भएको स्वर्गीय पति मुक्ति बहादुर नेपालीको नाममा मालपोत कार्यालय, कास्कीमा दर्ता स्रेस्ता कायम रहेको कास्की जिल्ला छिनेडाँडा गा.वि.स. वडा नं. ६ को कि.नं. १६४२४ को क्षेत्रफल ५-४-३-१ को जग्गा मलाई थाहा जानकारी नदिई मेरो मञ्जूरी वेगर उक्त जग्गा कित्ताफोड गरी दक्षिण पूर्व तर्फबाट कायम हुन आएको कि.नं. २५४६४ क्षे.फ. ०-६-१-० जग्गा पतिले विवाहिता बहिनी उमा कुमारी नेपालीलाई मिति २०६८।०५।१८ मा र.नं. ४३२(घ) बाट हालै देखिको वकसपत्र लिखत पारित गरी दिएको कुरा, पतिको मि. २०७१/०९/०६ मा परलोक भए पश्चात सासु सुकमाया नेपाली समेतले हेलाहोचो गर्ने गाली गलौज समेत गरी खान लाउन नदिई छोरी सुस्मिता र म समेतलाई घरबाट पनि बस्न नदिएकोले सासु सुकमाया नेपाली समेत उपर अंश मुद्दा दायर गरी जग्गा रोक्का राख्न मालपोत कार्यालय, कास्कीमा गई उक्त पारित हा.ब.लिखतको नक्कल २०७१।१२।०५ मा लिई हेर्दा थाहा भएकोले प्रस्तुत मुद्दाको फिराद दायर गरेकोमा मेरो अंश भागमा पर्ने ५ भागको १ भाग लिखत बदर हुने ठहर गरेको शुरु कास्की जिल्ला अदालतको फैसलालाई हदम्यादको आधार देखाएर मुलुकी ऐन, अंश वण्डाको १९ नं. ले घर व्यवहार चलाउन चलमा सबै र अचलमा आधा सम्पति घरको मुख्यले आफखुस गर्न पाउने अन्य अंशियारको मञ्जूरी लिन नपर्ने भन्ने तर्क लगाएर अंश जस्तो नैसर्गिक हक लाग्ने सम्पतिमा मेरो हक मेटाउन, मेरो अंश भागमा पर्ने जग्गा भन्दा बढी जग्गा स्वर्गीय पतिको नाउमा बाँकी रहे भएको भन्ने प्रमाणको रुपमा रहेको अंश मुद्दाबाट देखिएको भनी उच्च अदालत, पोखराबाट उल्टी हुने ठहराएको मिति २०७५।०३।१२ मा भएको फैसलाबाट मुलुकी ऐन, अंश वण्डाको महलको १९(१) र दान वकसको महलको १ नं. को व्याख्यात्मक त्रुटि भएको हुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफ (१) को खण्ड (क) र (ख) समेत अन्तर्गत मुद्दा दोहोऱ्याई हेरी उक्त फैसला बदर गरी मेरो फिराद दावी बमोजिम हुने गरी इन्साफ पाऊँ भन्ने बेहोराको निवेदन पत्र।

८. <u>यस अदालतबाट भएको आदेश</u>

यसमा यीनै पक्ष विपक्ष भएको मिति २०७५।०५।०८ मा दर्ता भई यस अदालतमा विचाराधिन रहेका ०७५-RI-०५९७ र ०७५-RI-०५९८ का निवेदनहरु साथै राखी पेश गर्नू भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।०७।१६ मा भएको आदेश।

९. <u>यस अदालतबाट भएको आदेश</u>

यसमा वादीले दुषित लिखत पारित गरिदिएको भन्ने दावी लिएको देखिएको, दाता मुक्ति वहादुरको २ श्रीमती रहेका र जेठीतर्फका छोरीहरुलाई मात्र बाबुले हालैको बकसपत्र गरिदिएकोमा घर व्यवहार चलाउनका निमित्त घरको मुख्य बाबु/पतिले आफू खुस गर्न पाउने मुलुकी ऐन, अंशबण्डा १९ नं. को व्यवस्था भएकोमा विवादित जग्गा हालै देखिको बकसपत्र गरी दिएको लिखतका सम्बन्धमा समेत अंशबण्डाको १९ नं. को देहाय (१) उल्लेख गरी दावी नपुग्ने ठहर गरेको उच्च अदालत, पोखरा पोखराको फैसलामा उक्त अंशबण्डाको १९ (१) र (२) र ने.का.प. २०५२, नि.नं. ६०२५ को नजिर समेतको त्रुटि देखिन आएकोले न्याय प्रशासन ऐन २०७३ को दफा १२ (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरीदिएको छ भन्ने बेहोराको मिति २०७५।०८।१४ को आदेश।

<u>ठहर खण्ड</u>

१०. नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णायार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरियो।

११. पुनरावेदक वादीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् बरिष्ठ अधिवक्ताद्वय श्री हरिशङ्कर निरौला र श्री भैरवप्रसाद पन्तले वादीको समेत हक लाग्ने एकासगोलको सम्पत्तिबाट वादीको अंश हक मार्ने नियतले बकसपत्र लिनुदिनु गरिएको छ। एकासगोलको सम्पत्ति बकसपत्र गर्दा अन्य अंशियारको मञ्जूरी आवश्यक पर्नेमा वादीको मञ्जूरी लिईएको छैन। वादीको अंश हकमा असर पर्ने गरी कपटपूर्ण तरिकाले गरिएको बकसपत्र लेनदेन गरिएकोले उक्त दुषित लिखत बदर गरिपाऊँ भनी बहस गर्नुभयो।

१२. प्रत्यर्थी प्रतिवादीहरुलाई इजलासबाट पटक पटक पुकारा गर्न लगाउँदा समेत इजलास समक्ष उपस्थित भएको देखिएन।

१३. यसमा, मेरो समेत अंश हक लाग्ने संगोलको कास्की जिल्ला छिनेडाँडा गा.वि.स. वडा नं. ६ को कि.नं. १६४२४ क्षे.फ. ५-४-३-१ बाट कित्ताफोड गरी कायम कि.नं. २५४६४ क्षेत्रफल ०-६-१-० को जग्गा मिति २०६८।०५।१८ मा र.नं. ४३२(घ)बाट दिने स्वर्गीय मुक्तिबहादुर नेपाली लिने विपक्षी उमाकुमारी नेपाली भएको हालैको बकसपत्र पास गरी लिनुदिनु गरेको तथ्य मिति २०७१।१२।०५ मा मालपोत कार्यालय, कास्कीमा गई लिखतको नक्कल सारी हेर्दा थाहा भएकोले मेरो समेत अंश हक लाग्ने जग्गा म समेतको मञ्जूरीवेगर हालैको बकसपत्र गरीदिएको हुँदा उक्त बकसपत्र वदर गरिपाऊँ भन्ने फिराद दावी देखिन्छ। यी वादीका पति स्वर्गीय मुक्तिबहादुर नेपालीलाई घर व्यवहार चलाउन, परिवारको लालनपालन गर्न, औषधी उपचार गर्न पटक पटक रूपैयाँ दिई सहयोग गरेको थिएँ। घर व्यवहारमा लागेको ऋण तिर्नको लागि जग्गा बिक्री गर्नुको विकल्प नरहेको भनी वादी दावीका जग्गाहरु मैले पटक पटक दिएको रूपैयाँ समेत हरहिसाव गरी थप रूपैयाँ दिई निज मुक्तिबहादुर नेपालीले मलाई उक्त जग्गाहरु वादी संगोलमा नै रहँदा बस्दाकै अवस्थामा निजको सल्लाह, सहमति र मञ्जूरीबाट हालैको बकसपत्र पारित गरीदिनुभएको हो। उक्त लिखतबाट वादीको हक नमेटिएको हुँदा वादीको फिराद मुलुकी ऐन, अंशबण्डाको १९ नं. तथा लेनदेन व्यवहारको १० नं. प्रतिकूल तथा दानबकसको महलको ५ नं. को हदम्याद विहिन हुँदा खारेजयोग्य छ भन्ने प्रतिउत्तर जिकिर देखिन्छ। शुरु कास्की जिल्ला अदालतबाट वादी दावीबमोजिम हालैको बकसपत्र लिखतको ५ भागको १ भाग लिखत बदर हुने ठहऱ्याई भएको फैसला उच्च अदालत, पोखराबाट उल्टी भै वादी दावी पुग्न नसक्ने ठहऱ्याई भएको फैसलामा वादी माया नेपालीले चित्त नबुझाई यस अदालतमा मुद्दा दोहोऱ्याइ हेर्ने अनुमति पाऊँ भनी दायर गरेको निवेदनमा यस अदालतबाट न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को देहाय (क) र (ख) बमोजिम दोहोऱ्याइ हेर्ने अनुमति प्रदान भएकोले उक्त निवेदन पुनरावेदनको रोहमा दर्ता भै पेस हुन आएको देखिन्छ।

१४. पुनरावेदक वादीले यस अदालतमा पुनरावेदन गर्दा मेरो समेत अंश हक लाग्ने विवादित कि.नं. १६४२४ को क्षेत्रफल ५-४-३-१ को जग्गा मलाई थाहा जानकारी नदिई मेरो मञ्जूरी वेगर कित्ताफोड गरी दक्षिण पूर्व तर्फबाट कायम हुन आएको कि.नं. २५४६४ क्षे.फ. ०-६-१-० जग्गा पतिले विवाहिता बहिनी उमा कुमारी

नेपालीलाई मिति २०६८।०५।१८ मा र.नं. ४३२(घ) बाट पतिसँग एकाघर सगोलमा रहे बसेको अवस्थामा मलाई कुनै थाहा जानकारी नदिई मेरो मञ्जूरी वेगर हालैको बकसपत्र मार्फत हक हस्तान्तरण गरेको हुँदा त्यस्तो दुषित हालैको वकसपत्र लिखतको नक्कल लिई थाहापाएको मितिबाट हदम्यादभित्रै दायर भएको फिरादलाई उच्च अदालत, पोखराले मेरो अंश जस्तो नैसर्गिक हक लाग्ने सम्पतिमा मेरो हक मेटाउन हदम्यादको आधार देखाई मिति २०७५।०३।१२ मा भएको फैसलामा अंश बण्डाको १९(१) नं. तथा दान बकसको १ नं. को व्याख्यात्मक त्रुटी भएको हुँदा बदर गरी फिराद दावी बमोजिम इन्साफ गरी पाऊँ भन्ने मुख्य जिकिर लिएको देखिन्छ।

१५. उपरोक्त तथ्य एवम् पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरुको तर्कपूर्ण बहस जिकीरसमेत सुनी देहायका प्रश्नहरुको निरूपण हुनुपर्ने देखिन आयो:

क) प्रस्तुत मुद्दाको फिरादपत्र कानूनले तोकेको हदम्यादभित्र दायर भएको छ वा छैन?
ख) वादी दावीको सम्पत्तिमा वादीको हक पुग्ने हो वा होईन?
ग) वादी दावीको मिति २०६८।११।११ को हालैको बकसपत्र पारित गर्दा पुनरावेदक वादीको मञ्जूरी लिनुपर्ने हो वा होईन?
घ) उच्च अदालत पोखराको फैसला मिलेको छ, छैन? र पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?

१६. अब पहिलो प्रश्नतर्फ विचार गर्दा, पुनरावेदक वादी माया नेपाली वादी दावीको बकसपत्रको लिखतका दाता स्वर्गीय मुक्ति बहादुर नेपालीको एकासगोलको पत्नी रहे भएको तथ्यमा विवाद देखिँदैन। आफू पतिसँग एकासगोलमा रहे भएकै अवस्थामा स्वर्गीय पतिले मिति २०६८।०५।१८ मा आफ्नोसमेत अंश हक लाग्ने कास्की जिल्ला छिनेडाँडा गा.वि.स. वडा नं. ६ को कि.नं. १६४२४ क्षे.फ. ५-४-३-१ बाट कित्ताफोड गरी कायम कि.नं. २५४६४ क्षे.फ. ०-६-१-० दक्षिण पूर्वतर्फको जग्गा प्रतिवादी उमाकुमारी नेपालीलाई र.नं. ४३२(घ)बाट हालैको बकसपत्र गरी दिनु भएको रहेछ। आफूहरु स्वर्गीय पतिसहित ५ जना अंशियारहरु रहेकोमा पतिले आफ्नो मञ्जूरी नलिई उक्त जग्गा हालैको बकसपत्र पारित गरिदिएकाले आफ्नो अंश हक जति ५ भागको १ भाग मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ४० नं. तथा ऐ. दान बकसको महलको १ र ५ नं. बमोजिम बदर गरी पाऊँ भन्ने पुनरावेदक

वादीको मुख्य पुनरावेदन जिकीर रहेको देखिन्छ।

१७. मिसिल संलग्न कागजात हेर्दा, यी वादी माया नेपालीको २०४६ सालमा मुक्तिबहादुर नेपालीसँग विवाह भै २०५० सालमा छोरी सुस्मिता नेपालीको जायजन्म भएको र विवाह हुनुभन्दा अगाडिदेखि नै हवाई अड्डाको फायर अफिसमा काम गर्दै आएका निज मुक्तिबहादुर नेपालीको मिति २०७१।०९।०६ मा मृत्यु भएको देखिन्छ। वादीले आफ्नो फिराद दावीमा पतिको मृत्यु पश्चात् किरियामा बसेको समयमा निजको सासु समेतले यदुमाया नेपालीलाई स्वर्गीय पतिको कान्छी श्रीमती भनी किरिया बस्न ल्याएकोमा आफूले स्वीकार गरेको र लोग्नेको परिवारले खान लाउन र घरमा बस्न समेत नदिई जति हेला होचो गरे तापनि सही बसेको भनी दावी लिएको देखिन्छ। यीनै वादीले शुरु कास्की जिल्ला अदालतमा दायर गरेको प्रमाण स्वरुप पेश भै आएको अंश मुद्दाको मिसिलबाट पनि उक्त तथ्य उजागर भै आएको देखिन्छ।

१८. उल्लिखित पारिवारिक परिवेशमा वादीले निजका अन्य अंशियारहरु विरुद्ध अंश मुद्दाको फिराद दायर गरी जग्गा रोक्का राख्ने क्रममा निजका पतिले प्रत्यर्थी प्रतिवादीलाई माथि उल्लेख गरिएका कित्ता जग्गा मिति २०६८।०५।१८मा नै हालैको बकसपत्र पारित गरीदिएको थाहा जानकारी भई प्रस्तुत मुद्दाको फिराद दायर गरेको देखिन आयो।

१९. प्रत्यर्थी प्रतिवादीले शुरु प्रतिउत्तर पत्र दायर गर्ने बखतमा नै यी वादीको फिराद मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. र दानबकसको महलको ५ नं. ले तोकेको इदम्याद नाघी दायर भएकोले फिराद खारेज हुनुपर्ने भनी जिकिर लिएको देखिँदा सर्वप्रथम वादीको फिराद हदम्यादभित्र परेको छ वा छैन भन्ने यकिन हुनुपर्ने देखिन आयो। सो सम्बन्धमा वादीदावीको लिखत राजिनामाको लिखत नभई हालैको बकसपत्रको लिखत देखिँदा लेनदेन व्यवहारको हदम्यादसम्बन्धी व्यवस्था प्रस्तुत मुद्दाको सम्बन्धमा आकर्षित हुने देखिएन। तत्काल कायम रहेको मुलुकी ऐन, दान बकसको महलको हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुने देखियो।

२०. मुलुकी ऐन, दानबकसको महलको ५ नं. मा ***"आफूले दान बकस पाएको कुरामा आफ्नो हक पुगेको मितिले र दिन नहुने दान बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले २ वर्ष भित्र नालिस नदिए लाग्न सक्दैन।"*** भन्ने कानूनी व्यवस्था देखिन्छ। उल्लिखित कानूनी व्यवस्था हेर्दा मुख्य रुपमा आफूले दान बकस पाएको

कुरामा आफ्नो हक पुगेको मितिले र दिन नहुने दानबकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिलेदुई बर्षभित्र फिराद दायर गर्नुपर्ने हदम्याद निर्धारण भएको देखिन आयो। प्रस्तुत मुद्दामा पुनरावेदक वादीले आफ्नो समेत हक लाग्ने सम्पत्ति स्वर्गीय पति मुक्तिबहादुर नेपालीले हालैको बकसपत्र गरीदिएको भन्ने दावी लिएको देखिँदा दिन नहुने दान बकस दिएको भन्ने प्रश्न देखिन आउँदा यी वादीले मिति २०६८।०५।१८ को लिखत उपर मिति २०७२।०१।१० मा फिराद दायर गरेको देखिन्छ। तर प्रतिवादीले प्रस्तुत फिराद दान बकसको महलको ५नं. ले तोकेको उल्लिखित दुई बर्षको हदम्याद नघाई दायर गरेको भन्ने जिकीर लिएको अवस्था छ। सो सम्बन्धमा पूर्व पठित दान बकसको महलको ५ नं. मा ***"दिन नहुने दान बकस दिएकोमा पाउनेको हक पुगी भोग चलन गरेको मितिले २ वर्ष भित्र "*** नालिस गर्नुपर्ने भनी हदम्याद कायम गरेको देखिँदा सो हदम्याद केवल लिखत रजिष्ट्रेशन भएको मिति वा पाउनेको हक पुगेको मितिको आधारमा कायम गरेको नभई ***"...पाउनेको हक पुगी भोग चलन गरेको मिति..."*** का आधारमा हदम्याद कायम गरेको देखियो। जबकी लिखत बकसपत्र नभई राजिनामा पारित गरेको अवस्थामा मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं. ले ***"...रजिष्ट्रेशन भएको मितिले ...."*** र दान बकसको हकमा समेत दान बकस पाउनेले दावी गर्नुपर्दा ***"...आफ्नो हक पुगेको मितिले...."*** हदम्याद कायम हुने देखियो। हक नपुग्नेले दान बकस दिएको अवस्थामा भने उल्लिखित व्यवस्थाहरु भन्दा भिन्न ***"...हक पुगी भोग चलन गरेको मितिले ...."*** हदम्याद कायम गरेको देखिन्छ। ***"हक पुग्नु "*** र ***"हक पुगी भोग चलन गर्नु "*** दुई फरक अवस्था हो। हक नपुग्नेले बकस गरेको अवस्थामा केवल रजिष्ट्रेशन गरेको मितिलाई मात्र आधार नमानी पाउनेले भोग चलन गरेको मिति समेतको आधारमा हदम्याद कायम गरेको देखियो।

२१. प्रस्तुत मुद्दाको फिरादपत्र वादी दावीको बकसपत्र पारित गरेको मिति अर्थात् प्रतिवादीको हक पुगेको मितिले दुई बर्षभित्र परेको नदेखिए तापनि वादीले फिराद लेखमा हालैको बकसपत्र पारित भै लिनुदिनु भएका कित्ता जग्गाहरु अद्यापी आफैंले भोगचलन गरेको भनी दावी लिएको देखिन्छ। प्रतिवादीले प्रतिउत्तर जिकिरमा वादीदावीलाई खण्डन गरी उल्लिखित कित्ता जग्गा हालैको बकसपत्र पारित गरीलिएको मितिदेखि नै आफूले भोगचलन गरी आएको भनी जिकिर लिन सकेको

अवस्था नदेखिएबाट वादीकै भोगचलनमा रहेको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको देखिन आयो। यसबाट फिराद दावीका उल्लिखित कित्ता जग्गा प्रतिवादीले बकसपत्र पाई निजको हक पुगेको भए तापनि निजले भोग चलन गरेको देखिन आएन।

२२. यस प्रकार, दान बकसको महलको ५ नं को कानूनी व्यवस्थाको माथि गरिएको विष्लेषणबाट दिन नहुने दान बकस दिएको अवस्थामा केवल ***"पाउनेको हक पुगेको मितिको आधारमा दुई बर्षभित्र"*** नालिस गर्नुपर्ने नभई ***"पाउनेको हक पुगी भोग चलन गरेको"*** मितिले दुई बर्षभित्र नालिस गर्न सकिने व्यवस्था देखिएको र प्रस्तुत मुद्दामा प्रतिवादीले हालैको बकसपत्रबाट प्राप्त गरेको जग्गा वादीले फिराद दायर गर्दाको अवस्थासम्म पनि प्रतिवादीले भोग चलन नगरी वादीकै भोग चलनमा रहेको देखिएको हुँदा रजिष्ट्रेशन पारित भएको मितिले दुई बर्ष नाघेकै आधारमा वादीको फिराद हदम्याद नाघी दायर भएको भनी भन्नु उल्लिखित कानूनी व्यवस्थाको प्रतिकूल हुन जाने देखियो। **दानबकसको महलको ५ नं. मा दिन नहुने दानबकस दिएको अवस्थामा केवल रजिष्ट्रेशन भएको मितिको आधारमा मात्र हदम्याद कायम गर्न नहुने स्पष्ट कानूनी व्यवस्था भएको र जुन कुरा कानूनमा स्पष्ट व्यवस्था छ सो प्रतिकूल अन्यथा अर्थ गर्नु कानून व्याख्याको नियम अनुकूल नहुने भएकाले अद्यापी वादीको भोगचलनमा भएको र प्रतिवादीको भोगचलनमा गई नसकेको जग्गाका हकमा बकसपत्र पारित भएको मितिले दुई बर्ष नाघी फिराद दायर भएकै आधारमा हदम्याद नाघेको मान्नु उल्लिखित कानूनी व्यवस्था र विधायिकी मनसाय अनुरुपसमेत हुने देखिएन।** यस आधारमा वादीको फिराद दावी उल्लिखित कानूनी व्यवस्थाबमोजिम हदम्यादभित्रै दायर भएको देखिन आयो।

२३. अब, दोस्रो वादी दावीको सम्पत्तिमा वादीको हक पुग्ने हो वा होईन्? भन्ने प्रश्नका सम्बन्धमा हेर्दा वादीका स्वर्गीय पति मुक्तिबहादुर नेपालीले हालैको बकसपत्र पारित गरी प्रतिवादी उमाकुमारी नेपालीलाई हक हस्तान्तरण गर्दाका बखत यी पुनरावेदक वादी र निजका लोग्ने तथा बकसपत्रका दाता मुक्तिबहादुर नेपाली एकासगोलमा रहेको तथ्यमा विवाद छैन। पुनरावेदक वादीले पतिबाट अंश लिई भिन्न बसेको वा अन्य कुनै बेहोराले पतिको नाममा रहेको सगोलको सम्पत्ति हक छाडेको भन्ने प्रमाणबाट देखिँदैन। यस स्थितीमा वादी दावीका उल्लिखित कित्ता सगोलको सम्पत्ति भई पत्निको हैसियतले यी वादीको समेत हक लाग्ने तथ्य स्थापित हुन आउँछ।

२४. अब, तेस्रो अर्थात् दावीको मिति २०६८।०५।१८को हालैको बकसपत्र पारित गर्दा पुनरावेदक वादीको मञ्जूरी लिनुपर्ने हो वा होईन्? भन्ने प्रश्नको सम्बन्धमा विचार गर्दा, सगोलको अचल सम्पत्ति बेचविखन गर्दा वा कुनै किसिमले हक छाडीदिँदा कानूनले आफूखुश गर्न पाउने बाहेक अरुमा एकाघर सगोलका अंशियारहरुको मञ्जूरी भएमा मात्र पक्का ठहर्ने कानूनी व्यवस्था हो। तत्काल कायम रहेको मुलुकी ऐन, अंशबण्डाको महलको १९ नं. मा पिता पूर्खाको पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधासम्म व्यवहार चलाउनलाई श्रीमती छोरा छोरीसमेतका अंशियारको मञ्जूरी नभए पनि आफू खुश गर्न पाउने अचलमा आधाभन्दा बढी व्यवहार चलाउनै परेपनि एक्काईस बर्ष नाघेका स्वास्नी छोरा छोरीको मञ्जूरी लिएर मात्र खर्च गर्नुपर्ने भन्ने कानूनी व्यवस्था देखिन्छ। दाता मुक्तिबहादुर नेपालीले बकसपत्र गरिदिँदा यी वादीको मञ्जूरी लिएको अवस्था छैन। दाता मुक्तिबहादुरको निजी आर्जनको आफू खुश गर्न पाउने सम्पत्ति हो भन्ने प्रतिवादीको जिकिर छैन। निजी आर्जनकै भए तापनि पति पिताको सम्पत्ति स्वास्नी छोरा छोरीका लागि पैतृक नै मान्नुपर्ने हुँदा मञ्जूरी लिन नपर्ने अवस्था देखिएन। उक्त सम्पत्ति निजले आफ्नी बहिनीलाई बकसपत्र गरिदिएको देखिएबाट घर व्यवहार चलाउन बिक्री व्यवहार गरेको रहेछ कि भन्ने अवस्था पनि रहेन। राजिनामा गरी बिक्री गरेको अवस्थामा सम्म घर व्यवहार चलाउन आधासम्म बेचविखन गर्न पाउने व्यवस्था आकर्षित हुने हो। बकसपत्र गरी दिएकोलाई व्यवहार चलाउन कारोवार गरेको भनी मान्न मिल्ने नहुँदा दाता मुक्तिबहादुर नेपालीले के कति सम्पत्ति बकसपत्र गरीदिएको र निजको नाममा के कति बाँकी रहेको भनी बिश्लेषण गर्नुपर्ने आवश्यकता देखिएन। घर व्यवहार चलाउने सम्बन्धमा यस अदालतबाट *पुनरावेदक प्रतिवादी दिपकराजा गोर्खाली श्रेष्ठ विरुद्ध प्रत्यर्थी वादी अङ्कित गोर्खाली श्रेष्ठसमेत* भएको हालैदेखिको बकसपत्र, लिखत वदरसमेत मुद्दामा **(नेकाप २०७७, अङ्क ३, नि.नं. १०४४७)** मा *"घर व्यवहार चलाउन ऋण लिई सोबापत बकसपत्र गरिदिएको भनेर भन्नु मात्रै पर्याप्त हुँदैन। ऋण लिएको पैसा घर व्यवहारमा लगाएको देखिनु पनि पर्छ। घर व्यवहार चलाउने भन्ने कुराले त्यस्तो व्यवहारको फाइदा, प्रयोग वा प्रतिफल सगोलका सबै अंशियारले प्राप्त गरेको वा भोग गरेको देखिनु पर्ने।"* भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रतिवादी उमाकुमारी नेपालीले लिखतमा बकसपत्र

नामाकरण गरेको भए तापनि दाता मुक्तिबहादुर नेपालीले घर व्यवहार चलाउन बिक्री गरेको भन्ने जिकीर लिएको देखिए तापनि सो जग्गा बिक्री गरी प्राप्त रकम के कस्तो घर व्यवहारमा खर्च भएको हो भन्ने नदेखिएको एवम् त्यसबाट प्राप्त रकमबाट वादीसमेत लाभान्वित भएको अवस्थासमेत देखिएन। निज दाताले यी वादी घरमा श्रीमती हुँदाहुँदै निजलाई हेलाहोचो गरी प्रकाशमा नल्याई कान्छी श्रीमती राखेको समेतको पारिवारिक पृष्ठभूमी र आफ्नै दिदीबहिनीलाई बकस गरीदिएको व्यवहारको प्रकृति हेर्दा समेत स्वर्गीय मुक्तिबहादुर नेपालीले यी वादीको अंशमा असर पुऱ्याउने गरी निजको समेत अंश हक लाग्ने सम्पत्ति निजको मञ्जूरी बिना प्रतिवादी उमाकुमारी नेपालीलाई हालैको बकसपत्र गरिदिएको तथ्य पुष्टि हुन आयो।

२५. अब अन्तिम अर्थात् उच्च अदालत, पोखरा पोखराको फैसला मिलेको छ, छैन? र पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा, वादी दावीबमोजिम यी वादीको हक पुग्ने जति मिति २०६८।०५।१८ को र.नं. ४३२(घ) को हालैको बकसपत्रको लिखतको पाँच भागको एक भाग बदर गर्नुपर्नेमा फिराद हदम्याद नघाई दायर भएको र दाता मुक्तिबहादुर नेपालीको नाउँमा आधा भन्दा बढी सम्पत्ति बाँकी रहेको भन्नेसमेत आधारमा वादीदावी पुग्न नसक्ने ठहऱ्याएको उच्च अदालत, पोखरा पोखराको फैसला मिलेको नदेखिंदा उल्टि गरी वादीको समेत हक लाग्ने सम्पत्ति निजको मञ्जूरी वेगर निजका पति स्वर्गीय मुक्तिबहादुर नेपालीले प्रतिवादी उमाकुमारी नेपालीलाई मिति २०६८।०५।१८ मा गरिदिएको हालैको बकसपत्रको पाँच भागको एक भाग लिखत बदर हुनुपर्ने देखिन आयो।

२६. तसर्थ, माथि विवेचित आधार, कारण, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट पुनरावेदक वादीको समेत अंश हक लाग्ने सम्पत्ति स्वर्गीय मुक्तिबहादुर नेपालीले निजको मञ्जूरीबेगर प्रत्यर्थी प्रतिवादी उमाकुमारी नेपालीलाई हालैको बकसपत्र पारित गरिदिएको देखिँदा निजको हकजति ५ भागको १ भाग लिखत बदर हुनुपर्ने देखिएको र तदनुरुप ठहर गरेको शुरु कास्की जिल्ला अदालतको मिति २०७४।०३।२३ को फैसला उल्टी गरी दावी पुग्न नसक्ने ठहऱ्याएको उच्च अदालत, पोखराको मिति २०७५।०३।१२ को फैसला मिलेको नदेखिँदा उल्टी भई शुरु जिल्ला अदालतले गरेको फैसला अनुरुप मिति

२०६८।०५।१८को र.नं. ४३२(घ)को हालैको बकसपत्र लिखतको ५ भागको १ भाग बदर हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

१. माथि ठहर खण्डमा लेखिएबमोजिम उच्च अदालत, पोखरा पोखराको फैसला उल्टी भै पुनरावेदक वादीका पति स्वर्गीय मुक्तिबहादुर नेपालीले मिति २०६८।०५।१८ मा र.नं. ४३२(घ)बाट प्रत्यर्थी प्रतिवादी उमाकुमारी नेपालीलाई गरी दिएको हालैको बकसपत्रको ५ भागको १ भाग लिखत बदर हुने ठहरेकाले वादीको भागमा पर्ने ५ भागको १ भाग जग्गा निजको नाउँमा दाखिल खारेज गरिदिनु भनी सम्बन्धित मालपोत कार्यालय, मा लेखी पठाउनू भनी शुरु कास्की जिल्ला अदालतमा लेखी पठाउनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ठ गरी सो को जनाउ फैसलाको पिठमा उल्लेख गर्नू।

३. सरोकारवालाले फैसलाको प्रतिलिपी माग्न आए नियमानुसार दिनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

(डा.नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा म सहमत छु:-
(अव्दुल अजीज मुसलमान)
न्यायाधीश

इजलास अधिकृत (उपसचिव): सम्झना सिम्खडा पुडासैनी

कम्प्युटर टाईप गर्ने : कृष्ण गिरी

इति सम्वत् २०८१ साल साउन १३ गते रोज १ शुभम्---------------------।